बेनी नगरपालिका
नगर कार्यपालिकाको बैठक
वि.सं. २०८१।०६।१६
ने.सं. ११४४ गुलागा आमै, बुधबार

नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

## निर्णयहरू

१. बेनी नगरपालिकाको आ.व. २०८०।८१ को आर्थिक गतिविधि तथा लेखापालनको अन्तिम लेखा परीक्षणका लागि महालेखा परीक्षकको कार्यालयबाट खटिएको टोलीले बेनी नगरपालिकाबाट वितरण गरिने आर्थिक सहायताका सम्बन्धमा प्रश्न समेत उठाएको सम्बन्धमा यसलाई व्यवस्थित गर्न कार्यविधि निर्माण गर्न आवश्यक देखिएकोले नगर प्रमुखसँग समेत समन्वय गरी कार्यविधिको मस्यौदा निर्माण गर्न तपसिलको समिति गठन गर्ने ।

**तपसिल:**

क) अर्जुन शर्मा, प्रमुख प्रशासकीय अधिकृत - संयोजक
ख) युवराज थापा, वरिष्ठ प्रशासकीय अधिकृत - सदस्य
ग) गोकुल शर्मा, लेखा अधिकृत - सदस्य

२. बेनी नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा शिक्षा शाखा मार्फत् अघिल्लो आ.व.मा सञ्चालन भएको "We Can, We Do" कार्यक्रमका सम्बन्धमा समेत अन्तिम लेखा परीक्षणका क्रममा बिना कानून कार्यक्रम गरिएको विषय जोडी प्रश्न उठाइएकोले यस आर्थिक वर्ष देखि नमूना अभ्यासका रुपमा लिइने गरिएको यस कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि कार्यविधि निर्माण गर्नुपर्ने देखिएकोले सो कार्यविधिको मस्यौदा गर्न शिक्षा शाखालाई जिम्मेवारी दिने ।

३. बेनी नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका वडा कार्यालयमा कार्यरत कर्मचारीलाई काममा उत्प्रेरित गर्न तथा अध्ययन भ्रमणबाट सेवा सम्बन्धी ज्ञान, अनुभव हासिल गराई नगरपालिकाको कार्य सम्पादनलाई प्रभावकारी बनाउन व्यवस्था गरिएको पर्यटन काजलाई व्यवस्थित गर्न कार्यविधि निर्माण गर्नुपर्ने देखिएकोले प्रमुख प्रशासकीय अधिकृतसँग समन्वय गरी सोको मस्यौदा तयार गर्न तपसिलको समिति गठन गर्ने ।

**तपसिल:**

क) युवराज थापा, वरिष्ठ प्रशासकीय अधिकृत - संयोजक
ख) गोकुल शर्मा, लेखा अधिकृत - सदस्य
ग) कुशल ढुंगाना, आ.ले.प. - सदस्य

सुरत के.सी.
नगर प्रमुख

४. बेनी नगरपालिकाको निजी स्वास्थ्य संस्था दर्ता तथा नविकरण सम्बन्धी निर्देशिका अनुसार डेन्टलहरु दर्ता गरिएकोमा संघीय तथा प्रादेशिक कानून बमोजिम बाझिन आएको लगायतका विषयमा संशोधनका विषयहरु प्रस्ताव गर्न स्वास्थ्य शाखालाई जिम्मेवारी दिने ।

५. बेनी नगर क्षेत्रमा विपन्न नागरिक स्वास्थ्य बीमा कार्यक्रमलाई व्यवस्थित गर्न कार्यविधिको आवश्यकता परेकोले सो कार्यविधिको मस्यौदा तयार गर्नको लागि स्वास्थ्य शाखालाई जिम्मेवारी दिने ।

६. चालु आर्थिक वर्षमा विभिन्न वडाहरु अन्तरगत सञ्चालन हुने विपन्न नागरिक आवास कार्यक्रमलाई व्यवस्थित गर्न कार्यविधि आवश्यक परेकोले नगर प्रमुख, नगर उपप्रमुख र वडाध्यक्षहरुसँग समन्वय गरी विपन्न नागरिक आवास कार्यक्रम सञ्चालन कार्यविधिको मस्यौदा निर्माण गर्न तपसीलको समीति गठन गर्ने ।

क) अर्जुन शर्मा, प्रमुख प्रशासकीय अधिकृत - संयोजक
ख) सुदिप गौतम, इन्जिनियर - सदस्य
ग) अर्जुन प्रसाद सुवेदी, योजना अधिकृत - सदस्य

७. विपदमा मेयर कार्यक्रमलाई कार्यक्रमको मर्म अनुरुप सञ्चालन गर्न कार्यविधि आवश्यक परेकोले विपदमा मेयर कार्यक्रम सञ्चालन कार्यविधि निर्माण गर्न नगर प्रमुखसँग समेत समन्वय गरी कार्यविधि मस्यौदा तर्जुमा गर्न तपशील बमोजिमको समिति गठन गर्ने ।

क) युवराज थापा, बरिष्ठ प्रशासकीय अधिकृत - संयोजक
ख) अर्जुन सुवेदी, योजना अधिकृत - सदस्य
ग) कुशल ढुंगाना - सदस्य

८. बेनी नगरपालिकाको भवन निर्माण तथा भवन अभिलेखीकरण कार्यलाई व्यवस्थित गर्न कार्यविधि आवश्यक पर्ने देखिएकोले नगर प्रमुख, उपप्रमुख र वडाध्यक्षहरुसँग समन्वय गरी सो कार्यविधिको मस्यौदा निर्माणको लागि तपसीलको समिति गठन गर्ने ।

तपसील:

क) युवराज थापा, वरिष्ठ प्रशासकीय अधिकृत - संयोजक
ख) सुदिप गौतम, इन्जिनियर - सदस्य
ग) विष्णु पौड्याल, सब-इन्जिनियर - सदस्य

९. बेनी नगरपालिका, वडा नं. ७, मंगलाघाटमा शान्ति सुरक्षा कायम गर्नका लागि स्थापना गरिएको प्रहरी बिटको भौतिक संरचना म्याग्दी नदिको कटान पश्चात् नगरपालिकाबाट भाडा उपलब्ध गराउने गरी मंगलाघाट स्थित भरत कुमार राजभण्डारीको घरमा प्रहरी बिट रहने गरी व्यवस्था गरिएकोमा २०८१ साउन १ गते देखि सम्झौता म्याद समाप्त भएको तथा घरभाडा सम्झौता नवीकरणका लागि घरधनीबाट निवेदन समेत पेस भएकोले २०८१ पौष मसान्त सम्म म्याद थप गर्ने ।

१०. बेनी नगरपालिका, वडा नं. १, आनन्दनगरमा वेवारिसे रुपमा घाटगद्दि गरी राखिएको १००८० क्यु फिट परिमाणको वालुवाका सम्बन्धमा हकदाबी गर्ने सम्बन्धी ७ दिने सूचना प्रकाशन गरिएकोमा हकदाबी सम्बन्धी निवेदन प्राप्त भएको तथा निजले वालुवा खरिद गरेको कुनै कागजातहरु प्राप्त हुन नसकेकोले निज



नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल

सुरत .... 
नगर प्रमुख

व्यक्तिबाट गण्डकी प्रदेश सरकारले तय गरेको प्रति क्यु फिट रु. ९ मा जरिवाना स्वरुप प्रति क्यु फिट रु. ४ थप गरी रोयल्टी र सोही बमोजिमको मुल्य अभिबृद्धि कर समेत असूल गर्ने र सो मालवस्तु हकदावी कर्तालाई लैजानको लागि अनुमति दिने। साथै नगरक्षेत्रभित्र अन्य यस्तै प्रकृतिका मालवस्तु भए नभएको सम्बन्धमा अनुगमन गरी हकदाबी सम्बन्धी ७ दिने सूचना प्रकाशन गरी थप कारबाही प्रक्रिया अगाडी बढाउने।

११. संघीय सरकार तथा बेनी नगरपालिकाको साझेदारीमा समपुरक योजनाको रुपमा यस वर्षमा सञ्चालन हुन लागेको बेनी अर्थुङ्गे तोरीपानी पाखापानी सडक स्तरोन्नती आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा छलफल भयो। सो सम्बन्धमा उक्त सडकमा गण्डकी प्रदेश सरकारबाट बजेट विनियोजन भई पूर्वाधार विकास कार्यालय म्याग्दीले बहुवर्षीय ठेक्का व्यवस्थापन गरी सडक स्तरोन्नती प्रक्रिया अगाडी बढाइरहेको हुँदा आयोजनाको काममा दोहोरोपना हुन नदिन तथा काममा बाधा उत्पन्न हुन नदिन नगरपालिकाले ठेक्का व्यवस्थापन गर्दा सोही सडकको बेनी सामुदायिक चोक देखी अर्थुङ्गे खण्डमा र ९ नं. वडा कार्यालय (तोरीपानीको तल्लो क्षेत्र) हुँदै पाखापानी जोड्ने सडकमा काम गर्ने गरी ठेक्का व्यवस्थापन कार्य अगाडी बढाउने।

१२. आ.व. २०८०।८१ मा विनियोजित विपद् सामग्री खरिद शिर्षकबाट कोटेशन विधिबाट छनोट भएको नेपालय कमर्सियल प्रा.ली.बाट खरिद गरिएकोमा सामग्रीहरु प्राप्त गर्न ढिलाई भएकोले भुक्तानी हुन बाँकी रहेकोमा हाल सबै सामग्रीहरु प्राप्त भई सकेको तथा भुक्तानी लागि आवश्यक कागजातहरु सहित लेखा शाखामा पेस भईसकेकोले बेनी नगरपालिकाको नगर विपद् व्यवस्थापन कोषबाट व्ययभार हुने गरी भुक्तानी गर्ने।

१३. बेनी नगरपालिका, वडा नं. ८ स्थित कालिपुलस्थित ५ नं. सटर सुशिला दर्जिले भाडामा प्रयोग गर्ने गरी नगरपालिका र निज बीच सम्झौता भएकोमा २०८१।०६।१५ गते देखि निज सुशिला दर्जीले भाडामा नलिने सम्बन्धमा निवेदन पेस गरेकोले न्यूनतम मासिक भाडा दर रु ११००० (अक्षेरुपी एघार हजार रुपैयाँ मात्र) कायम गरी उक्त सटर भाडामा लिन इच्छुक फर्म वा व्यक्तिले आवश्यक कागजातहरु सहित निवेदन पेस गर्ने सम्बन्धी ७ (सात) दिने सूचना प्रकाशन गर्ने।

१४. बेनी नगर क्षेत्रका सम्पूर्ण घरहरुमा क्यु आर कोड सहितको घर नम्बर प्लेट टाँस गर्ने कार्यक्रम अन्तर्गत नम्बर प्लेट प्रिन्ट बापतको रकम डि.जि. प्रिन्टलाई नगरपालिकाको उपयुक्त हुने शिर्षकबाट भुक्तानी गर्ने तथा प्रिन्ट भएका नम्बर प्लेट टाँस गर्नमा खर्च भएको रकम सुशासन तथा संस्थागत अन्तर्गतको वडा कार्यालय व्यवस्थापन कार्यक्रमबाट वडागत रुपमा भुक्तान हुने व्यवस्था मिलाउने।

१५. कृष्णागण्डकी ज्येष्ठ नागरिक सेवा केन्द्र, बेनीको मिति २०८१।०६।०९ गतेको प्राप्त पत्रानुसार ज्येष्ठ नागरिक दिवस कार्यक्रम लगायतका कार्यक्रमहरु सञ्चालन गर्दा भएको खर्चको भुक्तानीका लागि रु ३०,००० (अक्षेरुपी तीस हजार रुपैयाँ मात्र) आर्थिक सहयोग भएकोले सामाजिक विकास अन्तर्गतको महिला विकास तर्फ दिवशीय कार्यक्रम शिर्षकमा विनियोजित बजेटबाट भुक्तानी गर्ने।

१६. बेनी नगरपालिका मातहतको ७ नं. वडा कार्यालयको च.नं. ७७, मिति २०८१।०४। ३२ गतेको पत्रानुसार बेनी नगरपालिका, वडा नं. ७ मा निर्माणाधीन मंगलाघाट र बगरफाँट जोड्ने झोलुङ्गे पुलको सम्झौता

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३



सुरत के.सी.
नगर प्रमुख

अवधी २०८१।०४।३२ गते पश्चात समाप्त हुने भएकोले सम्झौता थप गर्न अनुरोध भएकोले उक्त निर्माण कार्यका लागि २०८१ मंसीर मसान्त सम्म म्याद थप गर्ने ।

१७. मिलन म्याग्दीले विगत केही बर्षदेखि निरन्तर रुपमा झोलुङ्गे पुल निर्माण सम्बन्धमा यस नपामा सामाजिक तथा प्राविधिक सहजीकरण गर्दै आएकोमा मिति २०८१ साल श्रावण २६ देखि सम्झौताको म्याद समाप्त भएकोले म्याद थप गरिदिन निवेदन पेश गरेकोले मिलन म्याग्दीलाई यस नपामा यस आ.व. समेत कार्यक्रममा सहजीकरण गर्नका लागि २०८२ असार मसान्तसम्मको लागि म्याद थप गर्ने ।

१८. बेनी नगरपालिकाको फोहोरमैला कर, व्यवसाय कर, घर बहाल कर लगायतका करहरुका सम्बन्धमा आवश्यक अध्ययन गरी कर संकलन कार्यलाई प्रभावकारी बनाउनका लागि राजस्व परामर्श समितिको बैठकलाई नियमित गराउने ।

१९. नगरपालिका तथा वडा तर्फका कर्मचारीको सेवा सुविधा सम्बन्धी गुनासो सम्बन्धमा थप अध्ययन गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने ।

२०. चालु आर्थिक वर्षमा विभिन्न वडामा विभिन्न मितिमा मनसुनजन्य विपदको कारण सडक आवागमन अवरुद्ध हुँदा सम्बन्धित वडाका प्राविधिक, वडा सचिव, वडा अध्यक्षको प्रत्यक्ष निगरानीमा भएको बाटो खुलाउने कार्यको अनुसूची १ मा संलग्न सूची बमोजिम हुने गरी वर्षे सडक मर्मत शिर्षकबाट भुक्तानी गर्ने ।

२१. बेनी नगरपालिका, वडा नं. ७ स्थित भगवती मन्दिर परिसरमा रंगरोगन लगायतका दशै लक्षित कार्यक्रम सञ्चालन गर्नका लागि विविध कार्यक्रम शिर्षकबाट एक लाख रुपैयाँ विनियोजन गर्ने ।

२२. बेनी नगरपालिका, वडा नं. ८, पिपलचोकमा नाली मर्मत गर्नुपर्ने भएकोले प्राविधिकको लागत इस्टिमेटका आधारमा नियमानुसार मर्मत कार्य अगाडि बढाई कार्य सम्पादन पश्चात् हुन जाने खर्च बेनी नगरपालिकाको यस आ.व.को बजेटमा पूर्वाधार विकास तर्फ "बेनी बजार व्यवस्थापन" शिर्षकबाट भुक्तानी गर्ने ।

२३. बेनी नगरपालिकाको टेम्पो, अटोरिक्सा तथा ई-रिक्सा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९ बमोजिम हाल सम्म ९ (नौ) वटा तीन पाङ्ग्रे सवारी साधन सञ्चालनका लागि अनुमती दिइएकोमा यात्रुको माग, तीन पाङ्ग्रे सवारी साधनको व्यस्तता लगायतलाई आधार मान्दा केही सवारी साधन थप गर्न आवश्यक देखिएकोले ६ (छ) वटा तीन पाङ्ग्रे सवारी साधन थप गर्ने गरी प्रक्रिया अगाडि बढाउने । साथै बेनी-तातोपानी र बेनी- रत्नेचौर रुट थप गरी टेम्पो सञ्चालन गर्न अनुमति दिने ।

२४. [illegible]ला खानेपानी आयोजना बे.न.पा-६ को लागि यस नपाबाट विनियोजित बजेटमा लागत साझेदारी गरी आयोजना कार्यान्वयन गर्नका लागि बजेट व्यवस्थापन हुन जिल्ला समन्वय समिति, म्याग्दीलाई लेखी पठाउने ।

सुरत के.सी.
नगर प्रमुख